भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

बैंठक सख्या :- ३५ औं
मिति : २०८२/०५/०८ आईतवार
समय : बिहान ७:०० वजे

मिति २०८२/०५/०८ गतेका दिन भोटखोला गाउँपालिकाको अध्यक्ष श्री वाङछेदर लामाको अध्यक्षतामा ३५औं गाउँकार्यपालिकाको बैंठक बसि तपिशलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती

| क.सं | नाम | पद | दस्तखत | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री वाङछेदर लामा | अध्यक्ष/का.पा.अध्यक्ष | | ९८४२०३३८४३ |
| २ | श्री सहना लामा | उपाध्यक्ष/का.पा.उपाध्यक्ष | | |
| ३ | श्री नुर्पु च्यावा | १ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ४ | श्री जिप्पा तेन्जिङ भोटे | २ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ५ | श्री पासाङ भोटे | ३ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ६ | श्री विकास तामाङ | ४ नं वडाध्यक्ष/का.पा सदस्य | | ९८४२०८०८०२ |
| ७ | श्री वाल कुमार राई | ५ नं वडाध्यक्ष /का.पा सदस्य | | ९६८५९८८६२६२ |
| ८ | श्री दावा भुटिक नावा | का.पा सदस्य | | |
| ९ | श्री चिप्पा भोटे | का.पा सदस्य | | |
| १० | श्री सलिना राई | का.पा सदस्य | सलिना | 9765919826 |
| ११ | श्री सरिता वि.क. | का.पा सदस्य | सरिता विश्वकर्मा | 9762725101 |
| १२ | श्री चेक्टुक भोटे | का.पा सदस्य | | ९८४०८४०९२ |
| १३ | श्री जयवाउ भोटे | का.पा सदस्य | | |
| १४ | श्री फुर्पु भोटे | प्र.प्र.अ. /का.पा सदस्य सचिव | | 9742282222 |

अन्य उपस्थिती

| क.सं | नाम | पद | दस्तखत | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री फुर्पु दोर्चि भेच्यावा | स्वकिय सचिव | | 9849409328 |
| २ | श्री छेजिक भोटिया | का.स. | | |
| ३ | श्री लाक्चुङ भोटे | का.स. | | |

## ३५ औ कार्यपालिका बैंठकको प्रस्तावहरु

१. राहत वितरण सम्बन्धमा ।
२. भुकम्ब पिडितलाई आर्थिक सहयोग सम्बन्धमा ।
३. हटिया मुनि घुमाउने बाटोको मर्मत सम्बन्धमा ।
४. बिरामीलाई आर्थिक सहायता सम्बन्धमा ।
५. काठमाण्डौ मनोहरा जडिबुटीमा रहेका सुकुम्बासीलाई आर्थिक सहयोग सम्बन्धमा ।
६. किमाथांका नाका अन्तरराष्ट्रिय सास्कृतिक तथा कोशि पर्यटन वर्ष महोत्सव कार्यक्रम सम्बन्धमा ।
७. गाउँपालिका अध्यक्ष वाङछेदर लामाको मृगौला ट्रान्सप्लान्टको लागी आर्थिक सहयोग सम्बन्धमा ।
८. लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण प्रतिवेदन सम्बन्धमा ।
९. लैंगिक हिंसा रोगथाम तथा प्रतिकार्यका लागी एकिकृत पहुँच सेवा परियोजना सम्बन्धी करार कर्मचारी विज्ञापन सम्बन्धमा ।
१०.गाउँपालिका जग्गा सशुल्क खरिद सम्बन्धी जग्गा उपलब्ध गराउने सूचना प्रकाशन सम्बन्धमा ।
११.सामाजिक शुरक्षा भत्ता सेवाग्राही नविकरण तथा पंजिकरण शिविर संचालन सम्बन्धमा ।
१२.सर्शत कार्यक्रम अन्तरगत करार सेवाको लागी विज्ञापन प्रकाशन सम्बन्धमा ।
१३.शिक्षक/शिक्षिका/वाल विकास सहजकर्ता/कार्यालय सहयगी सम्बन्धमा ।
१४.सवारी चालक नियुत्ती सम्बन्धमा ।
१५.ईलेक्ट्रोनिक हाजिरी जडान तथा संचालन सम्बन्धमा ।
१६.प्रविधिक कर्मचारीको म्यादथप सम्बन्धमा ।
१७.वजेट विनियोजन सम्बन्धमा ।
१८.सरुवा सहमती सम्बन्धमा ।
१९.स्वास्थ्य कर्मचारी छोमु भोटेको बिदा सम्बन्धमा ।
२०.आ.व.२०८१/०८२ को योजना तथा कार्यक्रमको भुत्तानी सम्बन्धमा ।
२१.वडा नं ३ को विविध प्रशासनिक चालु खर्च भुत्तानी सम्बन्धमा ।
२२.स्थानिय तह अन्तरगत रहेका कार्यालयहरुको जिन्सी सामान अनुगमन तथा लगत संकलन सम्बन्धमा
२३.स्वास्थ्य कर्मचारी सरुवा सम्बन्धमा ।
२४.कर्मचारी तलब कट्टि सम्बन्धमा ।
२५.सामुदायिक विधालय लेखा परिक्षक नियुत्ति सम्बन्धमा ।
२६.कार्यक्रम शिर्षक परिवर्तन सम्बन्धमा ।
२७.भोटखोला गाउँपालिका वडा नं ४ र १ मा रहेको सिमा नाकामा करसंकलन सम्बन्धमा ।
२८.कार्यजिम्मेवारी सम्बन्धमा ।
२९.छुट तलब भुत्तानी सम्बन्धमा ।
३०.कर्मचारी तह/स्तरबृद्दि सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव न. १ माथी छलफल गर्दा मिति २०८२/०५/०७ गते भोटखोला गाउँपालिका वडा नं ४ स्थित सिप्रुङ-जिजिंखामा अचानक बाढी पहिरोबाट पिडितलाई तत्काल सामग्री सहयोग र तत्काल घरवास व्यवस्थापनको लागी घरभाडा र जग्गा भाडा तपशिल अनुसार कार्यक्रम संकेत नं १३४.२२.१.३६६ खर्च शिर्षक नं २२७११ कार्यालय विविध खर्चको परिवर्तित शिर्षक विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

क.सामग्री सहयोग- विल भर्पाई अनुसार

ख.घरभाडा तथा जग्गा भाडा रु.१४,०००।–

२. प्रस्ताव न. २ माथी छलफल गर्दा भुकम्वले क्षतिग्रस/घरचर्केको तपशिलका ब्यत्तिहरुलाई तपिशल अनुसारको रकम विपद ब्यवस्थापन कोषबाट खर्च हुने गरि निर्णय गरियो ।

क.फुर्पु नावा -भोटखोला गा पा किमाथांका-१ रु.३०,०००।–

ख.दोर्चि भोटे – भोटखोला-३ हुङगुङ रु.३०,०००।-

३. प्रस्ताव न. ३ माथी छलफल गर्दा भोटखोला गा.पा वडा नं ३ हटिया मुनि घुमाउने बाटो प्राविधिक लागत स्टिमेट अनुसार खर्च भुक्तानी हुने गरि मर्मत गर्ने निर्णय गरियो ।

४.प्रस्ताव न. ४ माथी छलफल गर्दा भोटखोला गाउँपालिका निवासी तपशिलका ब्यत्तिहरु बिभिन्न रोग लागी बिभिन्न अस्पतालहरुमा उपचारत रहेकोले निम्न अनुसार कार्यक्रम संकेत नं १३४.२२.१.३३ विपन्न नागरिक औषधी उपचार तथा विपन्न नागरिक आर्थिक सहयता कार्यक्रम शिर्षक २२५२९ बाट आर्थिक सहयोग दिने निर्णय गरियो ।

क.छोमु भोटे -भोटखोला गा पा वडा नं २ च्याम्ताङ रु.२५,०००।–

ख.युचुङ भोटे -भोटखोला गा पा वडा नं ४ नामासे रु.२५,०००।–

ग.फान्जम भोटे-भोटखोला गा पा वडा नं ३ हटिया रु.२५,०००।-

५.प्रस्ताव न. ५ माथी छलफल गर्दा काठमाण्डौ मनोहरा जडिबुटी सुकुम्वासीमा भएको क्षतिपूर्तिको लागी गा पा अध्यक्ष श्री वाङछेदर लामाले बिभिन्न ठाउँ/ब्यत्तिहरुलाई अपिल तथा अनुरोध गरि संकलन गरिएको रु.४,००,०००।– गाउँपालिकाको विविध खर्च खातामा जम्मा भैसकेकोले तपशिल अनुसारको ब्यत्तिहरुलाई निम्न तरिकाले आर्थिक सहयोग दिने निर्णय गरियो ।

क. जिपा छिरिङ भोटे-भोटखोला गा पा वडा नं २ चेपुवा रु.१७००००।–

ख. सिदर भोटे -भोटखोला गा पा वडा नं २ चेपुवा रु.९००००।–

ग. छिटिक भोटे - भोटखोला गा पा वडा नं ४ चेपुवा रु.६००००।–

घ. छोक्चीक भोटे - भोटखोला गा पा वडा नं २ चेपुवा रु.६००००।–

ङ. साङबु भोटे लामा- भोटखोला गा पा वडा नं २ चेपुवा रु.२००००।–

६. प्रस्ताव न. ६ माथी छलफल गर्दा आ.व.२०८२ फागुण दोश्रो हप्तामा किमाथांका नाका अन्तरराष्ट्रिय सास्कृतिक तथा कोशि पर्यटन वर्ष महोत्सव कार्यक्रम भव्य र सफल बनाउनको लागी क्षिमेकी राष्ट्र चिनको व्यपारी तथा अन्य व्यत्तिहरुलाई नेपाल आवत जावतको लागी पहल गर्न गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

७. प्रस्ताव न. ७ माथी छलफल गर्दा गाउँपालिका अध्यक्ष श्री वाङछेदर लामाको दुवै मृगौला रोगबाट ग्रसित भई ट्रान्सप्लान्ट गर्नु पर्ने र सो को लागी धेरै रकमको आवश्यक हुने भएकोले ७५३ वटै स्थानिय तहहरुमा न्यूनतम रु.१५,०००।-को दरले आर्थिक सहयोग मागको लागी अपिल गर्ने साथै स्थानिय तहहरुमा पत्रचारको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नगर /गाउँपालिका महसंघमा अनुरोध गर्ने निर्णय पारित गरियो ।

८.प्रस्ताव नं ८ भोटखोला गाउँपालिकामा CK Research & Greenary Promotion pvt.ltd.को सहजिकरणमा तयार गरेको लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण प्रतिवेदनलाई स्विकृती गर्ने र कोशि प्रदेश मुख्यमन्त्रीको कार्यालयमा जानकारीको लागी पठाउने निर्णय गरियो ।

९.प्रस्ताव नं ९ माथी छलफल गर्दा लैंगिक हिंसा रोगथाम तथा प्रतिकार्यका लागी एकिकृत पहुँच सेवा परियोजना सम्बन्धी आवश्यक मनोसामाजिक परामर्शकर्ता(Psychosocial Counseller) र केश कार्यकर्ता(case Worker) पदको करार कर्मचारीको लागी विज्ञापन मिति २०८२/०५/१० गते १५ दिने विज्ञापन सूचना प्रकाशन गर्ने र केश म्यानेजर(Case Mananger) पदको लागी मिति २०८२/०५/२७ गते १५ दिनको सूचना/विज्ञापन प्रकाशन गर्ने सो विज्ञापन पालिकामा आ.व.२०८२/०८३ मा सूचिकृत सूचना संग सम्बन्धीत फर्म/कम्पनिहरुलाई राष्ट्रिय दैनिक समचार पत्रिकामा प्रकासन हुने गरी विज्ञापन गर्ने निर्णय पारित गरियो ।

क.मनोसामाजिक परामर्शकर्ता(Psychosocial Counseller)- सहायक पाचौ तह - १ जना

ख. केश कार्यकर्ता(case Worker)- सहायक पाचौ तह - २ जना

ग. केश म्यानेजर(Case Mananger)- १ जना

१०.प्रस्ताव नं १० माथी छलफल गर्दा भोटखोला गाउँपालिकामा थप नयाँ भवन निर्माणको लागी आवश्यक जग्गा सशुल्क खरिदको लागी जग्गा धनी/जग्गादाताहरुलाई जग्गा उपलब्ध गराउनको लागी सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

११.प्रस्ताव नं ११ माथी छलफल गर्दा भोटखोला गाउँपालिका निवासी गाउँपालिका बाहिर रहेका सामाजिक शुरक्षा भत्ता सेवाग्राही र पंजिकरण सेवाग्राहीहरुको नविकरण तथा अन्य सेवा संचालन गर्न काठमाण्डौ र अन्य स्थानहरुमा मिति २०८२/०५/१६ गते देखि संचालन हुने गरि शिविर संचालन निर्णय पारित गरियो र सो शिविरमा तपशिलका कर्मचारीहरु खटाउने निर्णय गरियो र उत्त शिविरमा खटिने कर्मचारी अनुगमन गर्ने जनप्रतिनिधीहरुको दैनिक भ्रमण खर्च होटलबास खर्च खाजानास्ता खर्च आवश्यक सामग्री र अन्य ढुवानी खर्चसम्पूर्ण खर्च कार्यक्रम संकेत नं १३४.२२.१.४८ खर्च शिर्षक नं २२७११ विवध प्रशासनिक चालु खर्च शिर्षकबाट भुत्तानी दिने निर्णय गरियो ।साथै उत्त शिविर संचालन गर्न मुख्य कर्मचारीहरु तपशिल अनुसार खटाउने निर्णय गरियो ।

क. श्री दावा लामा - सहायक पाचौ

ख. श्री धर्चे भोटे – MIS Operater

१२.प्रस्ताव नं १२ माथी छलफल गर्दा आ.व.२०८२/०८३ मा बिभिन्न कार्यक्रम संचालन गर्न तथा कार्यालयमा करार सेवामा कर्मचारी लिन तपशिलका कार्यक्रम अनुसार करार सेवामा लिन मिति २०८२/०५/१३ गते २१ दिने विज्ञापन प्रकासन गर्ने र सो विज्ञापन पालिकामा आ.व.२०८२/०८३ मा सूचिकृत सूचना संग सम्बन्धीत फर्म/कम्पनिहरुलाई राष्ट्रिय दैनिक समचार पत्रिकामा प्रकासन हुने गरि विज्ञापन गर्ने निर्णय पारित गरियो ।

| क्र.सं | पद | तह | सख्या | कार्यक्रम |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | सातौ | १ | "म स्वस्थ, मेरो समुदाय स्वस्थ : घरटोलमा स्वास्थ्य प्रवर्ध्दन कार्यक्रम" |
| २ | उधम विकास सहजकर्ता | सहायक चौथो सरह/उधम विकास सहजकर्ता तालिम लिएको | १ | उधम विकास कार्यक्रम |
| ३ | कार्यालय सहयोगी | श्रेणिबिहिन | १ | छुम्सुर सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत हुने गरी । |

१३. प्रस्ताव नं १३ माथी छलफल गर्दा भोटखोला गाउँपालिका अन्तरगत रहेका निम्न बिधालयमा कार्यरत शिक्षक/शिक्षिका/वाल विकास सहजकर्ता/कार्यालय सहयोगीहरुलाई तपशिलका विधालयहरुमा कामकाज गर्न खटाउने निर्णय पारित गरियो ।

| क्र.सं | नाम | कार्यरत विधालय | कामकाजमा खटाएको विधालय | लागु हुने मिति |
|---|---|---|---|---|
| १ | श्री अनिशा गुरुङ | श्री समुदायमा आधारीत हिमालय बालविकास केन्द्र हेमा | श्री कृष्ण मा.वि भोटखोला-४ गोला | २०८२/०५/१५ |
| २ | श्री खाम्साङ भोटे | श्री दुधपोखरी आ.वि भोटखोला-२ थूदाम | श्री अरुणोदय आ.वि.भोटखोला-२ च्याम्ताङ | २०८२/०५/१५ |

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

बैठक सख्या :- ३५ औं (दोश्रो दिन)
मिति : २०८२/०५/०९ सोमवार
समय : बिहान ७:०० वजे

मिति २०८२/०५/०९ गतेका दिन भोटखोला गाउँपालिकाको अध्यक्ष श्री वाङछेदर लामाको अध्यक्षतामा ३५औं गाउँकार्यपालिकाको बैंठक बसि तपिशलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती

| क.सं | नाम | पद | दस्तखत | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री वाङछेदर लामा | अध्यक्ष/का.पा.अध्यक्ष | | |
| २ | श्री सहना लामा | उपाध्यक्ष/का.पा.उपाध्यक्ष | | |
| ३ | श्री नुर्पु च्यावा | १ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ४ | श्री जिप्पा तेन्जिङ भोटे | २ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ५ | श्री पासाङ भोटे | ३ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ६ | श्री विकास तामाङ | ४ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ७ | श्री वाल कुमार राई | ५ नं वडाध्यक्ष /का.पा सदस्य | | |
| ८ | श्री दावा भुटिक नावा | का.पा सदस्य | | |
| ९ | श्री चिप्पा भोटे | का.पा सदस्य | सालिना | 9788198826 |
| १० | श्री सलिना राई | का.पा सदस्य | | |
| ११ | श्री सरिता वि.क. | का.पा सदस्य | | |
| १२ | श्री चेक्टुक भोटे | का.पा सदस्य | | |
| १३ | श्री जयवाउ भोटे | का.पा सदस्य | | |
| १४ | श्री फुर्पु भोटे | प्र.प्र.अ. /का.पा सदस्य सचिव | | |

अन्य उपस्थिती

| क.सं | नाम | पद | दस्तखत | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री फुर्पु दोर्चि भेच्यावा | स्वकिय सचिव | | 9849409328 |
| २ | श्री छेजिक भोटिया | का.स. | | |

१४.प्रस्ताव नं १४ माथी छलफल गर्दा गाउँपालिकामा आवश्यक सवारी चालक एक मात्र निवेदक भोटखोला गाउँपालिका वडा नं २ निवासी छिरीङ भोटेलाई २०८२/०६/०१ गते देखि लागु हुने गरी नियुक्ति दिने निर्णय गरियो ।

१५.प्रस्ताव नं १५ माथी छलफल गर्दा भोटखोला गाउँपालिका अन्तरगत रहेका गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालयहरु, सामुदायिक विधालयहरु र स्वास्थ्य सस्थाहरुमा आ.व.२०८२/२०८३ मा ईलेक्ट्रोनिक हाजिरी जडान तथा संचालन गर्ने निर्णय पारित गरियो ।

१६.प्रस्ताव नं १६ माथी छलफल गर्दा भोटखोला गाउँपालिका रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारी असिस्टेन्ट सब ईन्जिनियर श्री छेदर भोटेले विगत आ.व.२०७९/०८० देखि नै ३ नं वडा कार्यालयको प्राविधिक कर्मचारीको समेत जिम्मेवारी बहन गर्दै आईरहेको तर हाल सशर्त कार्यक्रम अन्तरगत रोजगार सेवा कार्यक्रममा प्राविधिक कर्मचारीको तलब भत्ता प्राप्त नभएको तर ३ नं वडा कार्यालयमा प्राविधिक कर्मचारी रित्त भएको र निजले नै काम गरिरहेकोले निजलाई २०८२/०५/१५ गते देखि लागु हुने गरि सोहि पदमा र वडामा कार्यरत रहने गरी म्यादथप गर्ने निर्णय पारित गरियो ।

१७.प्रस्ताव नं १७ माथी छलफल गर्दा तपशिलका कार्यक्रम/शिर्षकमा निम्न वजेट विनियोजन गरी आर्थिक सहायता दिने निर्णय पारित गरियो ।

| क्र.सं | कार्यक्रम/कार्यालय/संघ सस्था | विनियोजित रकम | खर्च हुने कार्यक्रम शिर्षक |
|---|---|---|---|
| १ | सङखुवासभा जिल्ला अस्पताल | रु.२,००,०००।- | विविध प्रशासनिक चालु खर्च -२२७११ |
| २ | सङखुवासभा बहिरा संघ | रु.३५,०००।- | विविध प्रशासनिक चालु खर्च -२२७११ |
| ३ | सङखुवासभा सेभहाउस | रु.२,००,०००।- | विविध प्रशासनिक चालु खर्च -२२७११ |
| ४ | सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट किमाथांका | रु.४०,०००।– सोधभर्ना भुक्तानी दिने | विपद व्यवस्थापन कोष |

१८.प्रस्ताव नं १८ माथी छलफल गर्दा थुलुङ दुधकोशी गाउँपालिका सोलुखुम्बुमा प्रशासन सहायक चौथो तहमा कार्यरत संकेत नं २३११७७ को असोक कुमार राईलाई यस गाउँपालिकामा सरुवा भई आउनको लागी सरुवा सहमती दिने निर्णय गरियो ।

१९.प्रस्ताव नं १९ माथी छलफल गर्दा गोला सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत नर्सिङ कर्मचारी अ.न.मी श्री छोमु भोटे क्यान्सर रोगबाट ग्रसित भई निजामती कर्मचारी अस्पताल काठमाण्डौमा उपचारत रहेकोले निजलाई मिति २०८२/०५/०९ देखि ३० दिन सम्म विदा दिने विदा समाप्त पछि कार्यालयमा कामकाजमा

स्थित हुन नसक्ने भएमा पछि कार्यालयमा उपस्थित भएको अवस्थामा स्वत कार्यरत हुने गरि ३० दिन
ाडी तलब भत्ता(सेवा सुविधा)नदिने निर्णय पारित गरियो ।

.प्रस्ताव नं २० माथी छलफल गर्दा आ.व.२०८१/०८२ मा संचालित तपशिलका योजना तथा
ार्यक्रमको भुत्तानी आ.व.२०८१/२०८२ को विलभर्पाई अनुसार नै आ.व.२०८२/०८३ मा सोहि योजना
ा कार्यक्रम शिर्षकबाट भुत्तानी दिने निर्णय पारित गरियो ।

.हुङगुङ सामुदायिक भवन निर्माण योजना भोटखोला-३

.हुङगुङ कृषि सडक निर्माण योजना भोटखोला-३

२१.प्रस्ताव नं २१ माथी छलफल गर्दा वडा नं ३ को विविध प्रशासनिक चालु खर्च रु.६,५०,०००।-
ुत्रमा प्रविष्ट गर्न छुट भएकोले उत्त रकम गा पा विविध प्रशासनिक चालु खर्च शिर्षक २२७११ बाट भुत्तानी
दिने निर्णय पारित गरियो ।

२२.प्रस्ताव नं २२ माथी छलफल गर्दा स्थानिय तह अन्तरगत रहेका कार्यालयहरुको जिन्सी सामान
अनुगमन तथा लगत संकलन गर्न तपशिलका कर्मचारीहरुलाई मिति २०८२/०५/०९ गते देखि खटाउने
निर्णय गरियो साथै निजहरुले ७ दिन भित्र काम सम्पन्न नहुने भएकोले जति दिन लाग्छ सोही अनुसार बढिमा
१४ दिन सम्मको भ्रमण खर्च उपलब्ध गराउने निर्णय पारित गरियो ।

क.श्री वाङछिरीङ भोटे

ख.श्री याङजा ल्होमी

२३.प्रस्ताव नं २३ माथी छलफल गर्दा स्वास्थ्य सस्थाहरुमा कार्यरत तपशिलका कर्मचारी निम्न स्वास्थ्य
सस्थाहरुमा सरुवा गर्ने निर्णय पारित गरियो ।

| क.सं | नाम | पद | हाल कार्यरत स्वास्थ्य सस्था | सरुवा गरिएको स्वास्थ्य सस्था | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १ | श्री सजना भोटे | हे.अ. | रुकुमा सामुदायिक स्वास्थ्य ईकाइ | चेपुवा सामुदायिक स्वास्थ्य ईकाइ | २०८२/०५/१५ |
| २ | श्री तेन्जि भुटिक भोटे | अ.हे.ब | किमाथांका स्वास्थ्य चौकी | छुम्सुर सामुदायिक स्वास्थ्य ईकाइ | २०८२/०५/१५ |
| ३ | श्री छिदलामु ल्होमी | अ.हे.ब. | छुम्सुर सामुदायिक स्वास्थ्य ईकाइ | रुकुमा सामुदायिक स्वास्थ्य ईकाइ | २०८२/०५/१५ |

२४.प्रस्ताव नं २४ माथी छलफल गर्दा आ.व.२०८२/०८३ को श्रावण महिनामा विना जानकारी विना विदा स्विकृती कार्यालयमा अनुस्पस्थिती रहेका गाउँपालिकामा कार्यरत स्थायी तथा करारका कर्मचारीहरुको तलब जति दिन अनुस्पस्थिती रहेको छ सो अनुसार हिसाब गरि कट्टा गर्ने निर्ण गरियो

२५.प्रस्ताव नं २५ माथी छलफल गर्दा भोटखोला गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुको आ.व.२०८१/२०८२ को लेखापरिक्षण गर्न आ.व.२०८२/०८३ मा यस पालिकामा सूचिकृत भएको आर.वि.जिमी राई एण्ड एसोसिएट्स धनकुटालाई लेखापरिक्षकको लागी नियुक्ती दिने निर्णय पारित गरियो ।

२६.प्रस्ताप नं २६ माथी छलफल गर्दा आ.व.२०८२/०८३ को वजेट प्रविष्टको क्रममा विपद ब्यवस्थापनको वजेट रु.४४,३५,०००।– भुलवश कार्यालय विविध खर्च शिर्षकमा प्रविष्ट हुन गएकोले उत्त कार्यालय विविध खर्च शिर्क्षकलाई विपद ब्यवस्थापन कोष शिर्षकमा शिर्षक परिवर्तन गर्ने निर्णय पारित गरियो ।

२७.प्रस्ताव नं २७ माथी छलफल गर्दा भोटखोला गाउँपालिका वडा नं ४ र १ मा रहेको सिमा नाकामा करसंकलन गर्न ठेक्का (टेन्डर) को लागी सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

२८.प्रस्ताव नं २८ माथी छलफल गर्दा मिति २०८२/०५/१५ गते देखि लागु हुने गरि तपशिलका कर्मचारिहरुलाई निम्न कार्यजिम्मेवारि दिने निर्णय पारित गरियो ।

| क्र.सं | कर्मचारीको नाम | कार्यरत कार्यालय/शाखा | जिम्मेवारी दिएको कार्यालय/शाखा/कार्यक्रम |
|---|---|---|---|
| १ | श्री दावा लामा | २ नं वडा कार्यालय | रैथाने वाली शंरक्षण तथा प्रवर्दन कार्यक्रम - गाउँपालिका फोकल ब्यक्ति ( थप जिम्मेवारी) |
| २ | श्री याङजा ल्होमी | कृषि विकास शाखा | रैथाने वाली शंरक्षण तथा प्रवर्दन कार्यक्रमको कृषि विकास शाखा - फोकल ब्यक्ति |
| ३ | श्री छियाङ रसेन भोटे | रोगजार सेवा केन्द्र | सहायक स्टोर किपर(थप जिम्मेवारी |
| ४ | श्री डाङछोमु भोटे | सामाजिक परिचालक | ३ नं वडा कार्यालय -कृषि प्राविधिक -वडा कार्यालयमा रहने गरी । |

२९. प्रस्ताव नं २९ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा छुट भएका कर्मचारी/विद्युत अपरेटर/बेरोजगार व्यक्ति/अन्य विपन्न उपचारत बिरामीहरुको सेवा सुविधा/पारिश्रमिक वा तलब आ.व.२०८२/०८३ मा भुक्तानी दिने निर्णय गरियो ।

३०. प्रस्ताव नं. ३० माथि छलफल गर्दा मिति २०८२।०३।०९ मा कार्यपालिकाको बैठकबाट स्वीकृत गरेको कर्मचारी तह बृद्धि कार्यविधि, २०८२ को दफा - ५ को (१) बमोजिम कर्मचारीहरुको तह बृद्धि गर्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएको, पछिल्लो - ३ (तीन) वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका कमर्चारहरुलाई सम्बन्धित सेवा,समूह, वा उपसमूहमा तह बृद्धि गरिने छ भनी उल्लेख भए बमोजिम तह बृद्धि सिफारिस समितिको मिति २०८२।०४।१२ गतेको निर्णय अनुसार देहायका कर्मचारीहरुको तह बृद्धि गरिएको हुँदा निजहरुलाई मिति २०८२।०४।१३ गतेदेखि जेष्ठता गणना/सेवा अवधि कायम हुने गरी तह बृद्धिको नियुक्ति दिने निर्णय गरियो ।

देहायः-

१. कर्मचारीको नाम, थर :- श्री अवदेश कुमार यादव ।

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह बृद्धि भएको विवरण |
|---|---|
| पदः- ईन्जिनियर । | पदः- ईन्जिनियर । |
| तहः- अधिकृत स्तर सातौं । | तहः- अधिकृत स्तर आठौं । |
| सेवाः - ईन्जिनियरिङ । | सेवाः- ईन्जिनियरिङ । |
| समुहः - सिभिल । | समुहः- सिभिल । |
| कार्यरत कार्यालयः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, संखुवासभा । | कार्यरत कार्यालयः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, संखुवासभा । |

२. कर्मचारीको नाम, थर :- श्री रुद्र राई ।

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह बृद्धि भएको विवरण |
|---|---|
| पदः- कम्प्यूटर अपरेटर । | पदः- कम्प्यूटर अधिकृत । |
| तहः- सहायक स्तर पाँचौं । | तहः- अधिकृत स्तर छैठौं । |
| सेवाः- विविध । | सेवाः- विविध । |
| समुहः- - | समुहः- - |
| कार्यरत कार्यालयः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, संखुवासभा । | कार्यरत कार्यालयः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, संखुवासभा । |

सरिता विश्वकर्मा